फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:- ०७८/७९
चलानी नम्बर:- ८२८

मिति:- २०७८/०५/१६

विषय:- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्लास्थित सबै सरकारी कार्यालयहरू, मकवानपुर ।

प्रस्तुत विषयमा निजमती सेवा दिवस, २०७८ मनाउने सम्बन्धमा प्रमुख सचिवज्यूको संयोजकत्वमा मिति २०७८-०५-१५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडामा बसेको बैठकको निर्णयको छाँयाप्रति पाना १ (एक) यसैसाथ संलग्न राखी कार्यान्वयनको लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

२०७८/०५/१६
सरोज प्रसाद पौडेल
प्रशासकीय अधिकृत

एजेण्डाहरू:-

१. निजामती सेवा दिवस, २०७८ मनाउने सम्बन्धमा,

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयको निर्णय कार्यान्वयन सम्बन्धको पत्र सम्बन्धमा।

निर्णयहरू:-

१. यस वर्षको निजामती सेवा दिवस मनाउनका लागि तपसील बमोजिमका कार्यक्रमहरू मकवानपुर जिल्लाभित्र गर्ने, गराउने निर्णय गरियो ।

१.१ यस जिल्लामा रहेका सम्पूर्ण संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरूले मिति २०७८ साल भाद्र २१, २२ र २३ गते ३ दिन आ-आफ्नो कार्यालय र कार्यालय परिसर सरसफाई गर्ने ।

१.२ मिति २०७८ भाद्र २१ गते विहान ८:०० बजे बुद्धचोक, हेटौडा, मकवानपुरमा निजामती कर्मचारीहरूको आधारिक ट्रेड युनियन, मकवानपुरले नेपाल रेडक्रस सोसाईटी, शाखा कार्यालय, मकवानपुरसँग आवश्यक समन्वय गरी रक्तदान कार्यक्रम आयोजना गर्ने । साथै, रक्तदान कार्यक्रममा आवश्यक पर्ने अण्डा, फलफूल तथा फलफूल जुसको व्यवस्था हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडाले गर्ने ।

१.३ निजामती सेवा दिवस २०७८ भाद्र २२ गते मंगलबारका दिन कार्यालयमा आउने प्रथम सेवाग्राहीलाई सम्मान गर्ने र सो दिन साँझ सबै सरकारी कार्यालयहरूमा दिपावली समेत गर्ने ।

१.४ डिभिजन वन कार्यालय, रासी, मनहरी, वनस्पति अनुसन्धान केन्द्र, हेटौडा र सामुदायिक वन उपभोक्ता समितिहरूको समन्वयमा वृक्षारोपण गर्ने स्थानको पहिचान गरी वृक्षारोपणका लागि पूर्वाधार लगायतका तयारी डिभिजन वन कार्यालय, हेटौडाले गर्ने । साथै, लगाउने बिरुवाहरू तयारी अवस्थामा राखी मिति २०७८ भाद्र २२ गते विहान ७:०० बजे माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा सबै कार्यालय प्रमुखहरूको उपस्थितिमा डिभिजन वन कार्यालय, हेटौडाले पहिचान गरेको स्थानमा उपस्थिति भई वृक्षारोपण गर्ने ।

१.५ मिति २०७८ भाद्र २२ गते सबै कार्यालयहरूले आ-आफ्नो कार्यालय परिसरभित्र समेत वृक्षारोपण गर्ने ।

१.६ मिति २०७८ भाद्र २२ गते विहान ८:३० बजे माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडाको सभाहलमा निजामती सेवा दिवसको महत्व विषयमा कविता वाचन एवं कर्मचारी मिलन केन्द्र, मकवानपुरद्वारा प्रकाशित इन्द्रसरोवर पुस्तक विमोचनको कार्यक्रम गर्ने । सोको व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा र कर्मचारी मिलन केन्द्र, मकवानपुरले गर्ने ।

२. बागमती प्रदेश अन्तर्गतका जिल्लामा रहेका संघ तथा प्रदेशका जिल्लास्तरका कार्यालयहरू र सबै स्थानीय तहहरूलाई आ-आफ्नो कार्यालय र पालिकामा निजामती सेवा दिवस र वृक्षारोपण कार्यक्रम सम्पन्न गर्न अनुरोध गर्ने ।